# नेपाल राष्ट्र बैंकको ५८ औं वार्षिकोत्सवका अवसरमा
# गभर्नर डा. युवराज खतिवडाले दिनुभएको
# वक्तव्यको सारांश

१. नेपाल राष्ट्र बैंक आज २०७० साल वैशाख १४ गते आफ्नो स्थापनाको ५७ औं वर्ष पूरा गरी ५८ औं वर्षमा प्रवेश गरेको छ । यस अवसरमा म बैंकको उद्देश्य र जिम्मेवारीलाई सशक्त ढंगले अगाडि बढाउन सहयोग गर्ने यस बैंकका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै, बैंकको काम कारबाहीमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने नेपाल सरकारका विभिन्न निकायहरू, बैंक तथा वित्तीय संस्थाहरू, अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू, सञ्चारमाध्यम तथा शुभेच्छुकहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

सर्वप्रथम म अर्थतन्त्रका परिसूचकहरुबारे केही प्रकाश पार्न चाहन्छु ।

२. चालू आर्थिक वर्षको हालसम्मको अवधिमा अर्थतन्त्रका समष्टिगत परिसूचकहरूको स्थिति मिश्रित रहेको छ । व्यापार घाटामा उच्च विस्तारका बाबजुद् चालू खाता र शोधनान्तर स्थिति बचतमा रहेकोले विदेशी मुद्रा सञ्चितिको स्तरमा वृद्धि भएको छ । मौद्रिक विस्तार नियन्त्रित रहँदा-रहँदै पनि मुख्य व्यापारिक साझेदार मुलुकमा कायम रहेको उच्च मूल्य वृद्धिदर, कमजोर आन्तरिक उत्पादन स्थिति, ऊर्जा संकट, पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धि लगायतका संरचनागत कारणहरूले गर्दा मुद्रास्फीति दर केही बढ्न गएको छ । आर्थिक वर्षको शुरूमा देखिएको अधिक तरलताको स्थिति अब कायम छैन भने यदाकदा सांकेतिक रूपमा देखिने तरलताको संकुचन पनि क्रमशः समाधान हुँदैछ । मुलुक संक्रमणकालीन अवस्थामा रहेता पनि प्रभावकारी मौद्रिक तथा वित्तीय नीतिको कार्यान्वयनबाट समष्टिगत आर्थिक तथा वित्तीय स्थायित्व कायम गर्नमा सहयोग पुगेको छ ।

३. केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान अनुसार आर्थिक वर्ष २०६९/७० मा देशको यथार्थ कुल गार्हस्थ्य उत्पादन वृद्धिदर आधारभूत मूल्यमा ३.६ प्रतिशत र उत्पादकको मूल्यमा ३.७ प्रतिशत रहने अनुमान छ ।

४. आर्थिक वर्ष २०६९/७० को आठौं महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति १०.२ प्रतिशत रहेको छ । यो वर्ष खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्कको वृद्धिदर ११.३ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको सूचकाङ्कमा ९.३ प्रतिशतले वृद्धि भएको छ ।

५. आर्थिक वर्ष २०६९/७० को नौ महिनासम्ममा नगद प्रवाहमा आधारित सरकारी बजेट रु. ४७ अर्ब २० करोडले बचतमा रहेको छ । स्रोत परिचालनको तुलनामा पुँजीगत खर्चमा कमी आई सरकारी बजेट बचत उल्लेख्य रहेकोले २०६९ चैत मसान्तसम्ममा नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रु. ५६ अर्ब ९५ करोड नगद मौज्दात रहेको छ ।

६. आर्थिक वर्ष २०६९/७० को आठ महिनासम्ममा कुल वस्तु निर्यात ५.० प्रतिशतले वृद्धि भएको तर वस्तु आयात २२.१ प्रतिशतले वृद्धि भएकोले वस्तु व्यापार घाटा २५.५ प्रतिशतले वृद्धि भई रु. ३०९ अर्ब ५५ करोड पुगेको छ ।

७. व्यापार घाटामा उच्च वृद्धि भएको तथा वैदेशिक नगद अनुदानमा कमी आएकोले मुलुकको समग्र शोधनान्तर बचत रु. ११ अर्ब ७८ करोड रहन गएको छ । यस अवधिमा विप्रेषण आप्रवाह २२.२ प्रतिशतले बढी रु. २६६ अर्ब ९ करोड पुगेको छ ।

८. २०६९ फागुन मसान्तमा कुल विदेशी विनिमय सञ्चिति रु. ४५३ अर्ब ६१ करोड पुगेको छ । अमेरिकी डलरमा कुल सञ्चिति ५ अर्ब २३ करोड बराबर पुगेको छ । विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले १० महिना भन्दा बढीको वस्तु आयात र करिव ९ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने देखिन्छ ।

९. आर्थिक वर्ष २०६९/७० को आठ महिनासम्ममा विस्तृत मुद्राप्रदाय ६.२ प्रतिशतले वृद्धि भएको छ भने संकुचित मुद्रा प्रदाय १.६ प्रतिशतले मात्र वृद्धि भएको छ । वार्षिक विन्दुगत आधारमा भने २०६९ फागुन मसान्तमा विस्तृत मुद्रा प्रदाय १६.१ प्रतिशतले र संकुचित मुद्रा प्रदाय १३.२ प्रतिशतले वृद्धि भएको छ ।

१०. वार्षिक विन्दुगत हिसावमा २०६९ फागुनसम्ममा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप परिचालन १७.८ प्रतिशतले वृद्धि भई रु. १० खर्ब ८० अर्ब ४४ करोड पुगेको छ भने कर्जा तथा लगानी १८.६ प्रतिशतले विस्तार भई रु. ११ खर्ब १ अर्ब १६ करोड पुगेको छ ।

११. शेयर बजारको प्रवृत्ति मापन गर्ने नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा ६३.६ प्रतिशतले वृद्धि भई २०६९ चैत मसान्तमा ५२३.४ विन्दुमा पुगेको छ ।

अब म यस वर्ष नेपाल राष्ट्र बैंकबाट सम्पन्न गरिएका प्रमुख मौद्रिक एवम् वित्तीय कार्यहरु तथा वित्तीय क्षेत्रको अवस्थाका बारेमा प्रकाश पार्न चाहन्छु ।

१२. मौद्रिक विस्तारलाई आर्थिक वृद्धि र स्थायित्व अनुकूल तुल्याउन आर्थिक वर्षको शुरूमा बैंक तथा विकास बैंकहरुले राख्नु पर्ने अनिवार्य नगद मौज्दातमा क्रमशः १ प्रतिशत र ०.५ प्रतिशत विन्दुले वृद्धि गरिएको छ भने खुला बजार कारोबार अर्न्तगत आर्थिक वर्ष २०६९/७० को नौ महिनासम्ममा रु. ८ अर्ब ५० करोड बराबरको तरलता प्रशोचन गरिएको छ । यो वर्ष न्यून आर्थिक वृद्धि, वाह्य क्षेत्र संतुलनका जोखिम र आन्तरिक मूल्य वृद्धिका कारण सजग र संयमित मौद्रिक नीति कार्यान्वयन हाम्रो अडान रही आएको छ ।

१३. बैंकदरलाई पुनरपरिभाषित गरी स्थायी तरलता सुविधा र अन्तिम ऋणदाता सुविधा उपलब्ध गराउँदा लागू हुने गरी ८.० प्रतिशत कायम गरिएको छ । यस अर्न्तगत चालू आर्थिक वर्षको नौ महिनासम्ममा रु. ३२ अर्ब २२ करोडको स्थायी तरलता सुविधा उपयोग भएको छ ।

१४. कर्जाको ब्याजदर निर्धारणलाई पारदर्शी र प्रतिस्पर्धी बनाई कर्जा र निक्षेपको ब्याजदर-अन्तर कम गराउने तथा मौद्रिक नीतिको प्रभावकारितामा अभिवृद्धि गर्ने उद्देश्यले आधार दर कार्यान्वयनमा ल्याइएको छ । २०६९ फागुन महिनामा वाणिज्य

बैंकहरूको आधार ब्याजदर न्यूनतम ६.७ प्रतिशत, अधिकतम ११.७ प्रतिशत र औषत ९.५ प्रतिशत रहेको छ। यसलाई क्रमशः अन्य वित्तीय संस्थाहरु तर्फ पनि लागू गर्ने तयारी हुँदैछ।

१५. इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरूले विपन्न वर्गमा प्रवाह गर्नुपर्ने कर्जा सीमा ०.५ प्रतिशत विन्दुले वृद्धि गरी आफ्नो कुल कर्जा सापटको क्रमशः न्यूनतम ४.० प्रतिशत, ३.५ प्रतिशत र ३.० प्रतिशत विपन्न वर्गमा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ। समग्रमा यसतर्फको कर्जा प्रवाह कमसेकम तोकिएको न्यूनतम अनुपातमा पुग्ने अवस्थामा रहेको छ।

१६. आर्थिक वर्ष २०६९/७० को नवौं महिनामा अल्पकालीन बजार ब्याजदरहरूमा सुधार हुनुका साथै वाणिज्य बैंक र अन्य संस्थाहरू बीचको अन्तर-बैंक ब्याजदरमा रहेको फरक साँघुरिँदै गएको छ। ब्याजदरहरु छिटो छिटो परिवर्तन गरिरहँदा भोग्नु पर्ने जटिलता बारे हाम्रो गहिरो अनुभव पनि भएको छ।

१७. उत्पादनमूलक क्षेत्रमा प्रवाह गरिएको असल कर्जाको धितोमा प्रदान गरिने पुनरकर्जादर ६ प्रतिशत कायम गरिएको छ। चालू आर्थिक वर्षको नौ महिनामा रु. १ अर्ब ५० करोड साधारण पुनरकर्जा र करिव रु. ४५ करोड निर्यात पुनरकर्जा उपलब्ध गराइएको छ।

१८. ग्रामीण स्वावलम्बन कोषको समग्र व्यवस्थापन पक्षलाई निर्देशित गर्न एवम् यसलाई समसामयिक बनाउन मिति २०६९ फागुन देखि नयाँ ग्रामीण स्वावलम्बन कोष सञ्चालन निर्देशिका लागू गरिएको छ। कोषबाट २०६९ साल पुस मसान्तसम्ममा ६६७ वटा सहकारी संस्था र ५३ वटा गैर-सरकारी संस्थाहरूलाई करिब रु. ९० करोड कर्जा प्रवाह भएकोमा उक्त कर्जामध्ये रु. ५० करोड असुली भई रु. ४० करोड कर्जा लगानीमा रहिरहेको छ।

१९. संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम र संयुक्त राष्ट्र संघीय पुँजी विकास कोषको प्राविधिक तथा अनुदान सहयोगमा २०१३ मार्चसम्म सञ्चालन भएको वित्तीय सेवा पहुँच अभिवृद्धि आयोजनाबाट गरिबी निवारणमा सहभागी लघुवित्त सेवा प्रदायक संस्थाहरूमध्ये ९ वटा रणनीतिक साझेदार संस्था र ८ वटा नवीन सेवा प्रदायक (Innovative) साझेदार संस्था मार्फत ६४ जिल्लामा लघुवित्त कार्यक्रम विस्तार भएको छ।

२०. ग्रामीण क्षेत्रमा वित्तीय सेवाको विविध पक्षहरूको बारेमा जानकारी प्राप्त गरी सुधारका कार्यक्रमहरू अगाडि बढाउन सहयोग पुऱ्याउने उद्देश्यले शुरु गरिएको चौंथो ग्रामीण कर्जा सर्वेक्षण कार्य फिल्ड सर्वेक्षणको अवस्थामा पुगेको छ।

२१. केन्द्रीय बैंकको विदेशी विनिमय सञ्चितिलाई सुरक्षित राख्ने, तरलता अभिवृद्धि गर्ने र बैंकको वित्तीय सुदृढीकरण गर्ने उद्देश्यले अर्न्तराष्ट्रिय बजारबाट सुन खरिद गरी लगानी गर्ने कार्य अघि बढाइएको छ।

२२. २०६९ चैत मसान्त सम्ममा ३२ वटा बाणिज्य बैंक, ८९ वटा विकास बैंक, ६७ वटा वित्त कंपनी र २७ लघु वित्त संस्था संचालनमा रहेका छन। २०६९ चैत

मसान्तसम्ममा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूको शाखा संख्या क्रमशः १४७५, ७२१ र ३०० गरी बैंक तथा वित्तीय संस्थाहरूको कुल शाखा संख्या २४९६ पुगेको छ । त्यसैगरी, “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरूको कुल शाखा संख्या ५८६ पुगेको छ ।

२३. समीक्षा अवधिमा जम्मा १० वटा वाणिज्य बैंकहरुलाई शाखारहित बैंकिङ सेवा सञ्चालनको अनुमति प्रदान गरिएको छ ।

२४. वित्तीय सुधार हाम्रै मार्गचित्र अनुसार अघि बढीरहेको छ । यस अन्तर्गत कानुनी सुधार, वित्तीय स्थायित्वका लागि Macroprudential measures, निक्षेप विमा, सरकारी स्तरका वित्तीय संस्थाहरुको पूँजी तथा व्यवस्थापन सुदृढीकरण, सुपरीवेक्षण सुदृढीकरण, मर्जर, सुशासन र वित्तीय पहुँच अभिवृद्धि छन । सरकारी बैंकहरुको पुँजी सुदृढ गर्नेतर्फ उल्लेख्य प्रगति भएको छ । नेपाल बैंक लिमिटेडको पुँजी वृद्धिका लागि हकप्रद शेयर वापत नेपाल सरकारकोतर्फबाट प्राप्त गर्नुपर्ने रकम बैंकमा जम्मा भइसकेको छ भने अन्य शेयरधनीको हकप्रद शेयर निष्काशनको अन्तिम चरणमा पुगेको छ । राष्ट्रिय वाणिज्य बैंकको स्वीकृत पुँजी योजना अनुसार नेपाल सरकारकोतर्फबाट रु. ४ अर्ब ३२ करोड ५३ लाख नगद र नेपाल सरकारले वित्तीय क्षेत्र परियोजना अन्तर्गत बैंकलाई उपलब्ध गराएको रकम रु. ३ अर्ब ४७ लाखलाई बैंकको ऋणबाट शेयर पुँजीमा परिणत गरी कुल रु. ७ अर्ब ३३ करोड पुँजी वृद्धि गरिसकिएको छ ।

२५. बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने वा गाभिने सम्बन्धी विनियमावली, २०६८ जारी भएपछि संस्थाहर गाभ्ने/गाभिने कार्यमा उल्लेख्य प्रगति भएको छ । हालसम्म २६ वटा संस्था एकआपसमा गाभिएर संयुक्त कारोबार शुरू गरिसकेका छन् भने २८ वटा संस्था गाभिएर १३ वटा संस्था बन्नका लागि अन्तिम स्वीकृति र २४ वटा संस्था गाभिएर १० वटा संस्था बन्न सैद्धान्तिक सहमति प्राप्त गरिसकेका छन् ।

२६. समग्र वित्तीय प्रणालीको स्थायित्व कायम राख्न आवश्यक पर्ने नीतिहरूको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा पृष्ठपोषणलाई प्रभावकारी बनाउन यस बैंकका वरिष्ट डेपुटी गभर्नरको अध्यक्षतामा एक Financial Stability Oversight Committee गठन गरिनुका साथै **वित्तीय स्थायित्व प्रतिवेदन**को प्रकाशन शुरू गरिएको छ । सो प्रकाशनको पहिलो प्रति यहाँहरु विच वितरण भई सकेको छ ।

२७. बैंक तथा वित्तीय संस्थाहरूको चेक क्लियरिङ्गको कार्य यस बैंकले गर्दै आएकोमा नेपाल क्लियरिङ्ग हाउस लि.बाट गर्ने/गराउने व्यवस्था गरिएको छ ।

२८. प्रत्येक आर्थिक वर्षमा कम्तीमा एकपटक बैंक तथा वित्तीय संस्थाहरूको स्थलगत निरीक्षण गर्ने नीति अनुरूप आर्थिक वर्ष २०६९/७० को फागुन मसान्तसम्ममा २१ वटा वाणिज्य बैंक, ८४ वटा विकास बैंक र ३८ वटा वित्त कम्पनीहरुको निरीक्षण कार्य सम्पन्न गरिएको छ । साथै, स्थलगत निरीक्षणको सिलसिलामा ठुला ऋणीहरूको धितो तथा परियोजनाको स्थलगत निरीक्षण गरी सम्पत्तिको गुणस्तर परीक्षण गर्ने कार्यलाई प्राथमिकता दिइएको छ ।

२९. बैंकिङ व्यवसायमा अन्तर्निहित विद्यमान र भविष्यमा आईपर्ने जोखिमहरू समेत पहिचान गरी सो अनुरूपको पुँजीकोष कायम गर्न पुँजीकोष पर्याप्तता सम्बन्धी आन्तरिक पुँजी मूल्याङ्कन प्रक्रिया (Internal Capital Adequacy Assessment Process- ICAAP) सम्बन्धी मार्गदर्शन जारी भइसकेको छ ।

३०. निरीक्षण तथा सुपरिवेक्षण पद्धतिलाई जोखिममा आधारित सुपरिवेक्षण पद्धतितर्फ उन्मुख गराउन जोखिममा आधारित Onsite Inspection Manual को मस्यौदा तयार भएको छ ।

३१. जोखिम व्यवस्थापन, संस्थागत सुशासन, कारोबारको अन्तरसम्बन्ध एवम् घरजग्गामा प्रवाहित कर्जामा केन्द्रित रही बैंक तथा वित्तीय संस्थाहरूमा अन्वेषणात्मक समीक्षा (Diagnostic Review) कार्य अघि बढाइएको छ । यस वर्षमा ७ वटा वाणिज्य बैंक, २ वटा विकास बैंक तथा २ वटा वित्त कम्पनीमा त्यस्तो समीक्षा सम्पन्न भइसकेको छ ।

३२. समस्याग्रस्त बैंक तथा वित्तीय संस्थाहरूको समस्याको प्रकृति अनुसार चरणवद्ध रूपमा व्यवस्थापन गर्ने उद्देश्यले Problem Bank Resolution Operational Manual & Toolkit तयार गरिएको र Forward Looking पद्धतिमा आधारित शीघ्र सुधारात्मक कारबाही कार्यविधिको मस्यौदा तयार भई कार्यान्वयनको अवस्थामा पुगेको छ ।

३३. दुई अर्ब रुपैयाँभन्दा बढी निक्षेप परिचालन गर्ने बैंक तथा वित्तीय संस्थाहरूले Stress Testing Guidelines अनुसार दवाव परीक्षण शुरु भै सकेको र सोको प्रतिवेदन यस बैंकमा पेश भइरहेको छ । यसबाट वित्तीय प्रणालीमा आउन सक्ने जोखिम अनुमान गर्न सजिलो भएको छ ।

३४. बैक तथा वित्तीय संस्थाहरूलाई स्वस्थ एवम् स्वच्छ ढंगले सञ्चालन गर्न विकास गरिएका वासलका मूल सिद्धान्तहरू (Basel Core Principles) को कार्यान्वयनको अवस्थाको मूल्याङ्कन गरी भावी रणनीति तय गर्न एक कार्यदल गठन गरी स्व-मूल्याङ्कनको कार्य भइरहेको छ ।

३५. समस्याग्रस्त बैंक तथा वित्तीय संस्थाहरूको नियमितरूपमा अनुगमन र तिनीहरूको वित्तीय अवस्थाको सुक्ष्म अध्ययन गर्न Problem Resolution Desk बाट नियमितरूपले अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

३६. समग्रमा वित्तीय प्रणालीमा पूँजी पर्याप्तता, कर्जा-निक्षेप अनुपात, तरलता अनुपात, खराव कर्जाको अनुपात, घरजग्गा कर्जाको अनुपात ग्राह्य सीमाभित्रै रहेका छन भने कर्जाको उत्पादनशील क्षेत्र तर्फ प्रवाह बढने क्रममा छ ।

३७. बैंकले नयाँ मुद्रा आपूर्तिमा अभाव खडकिन नदिन योजनाबद्ध रुपमा नोट छपाई कार्य अघि बढाएको छ । चालु वर्षमा नयाँ नोटको अभाव हुन दिइएको छैन । निष्काशनमा ल्याउन तयारी गरेको रु. १०० दरको नोटको डिजाईनमा केही परिवर्तन गरी नेपालको नक्सा, लुम्बिनीको पहिचान गराउने अशोक स्तम्भ र मायादेवीको आकृति राखी 'Lumbini - The Birth Place of Lord Buddha उल्लेख

गरिएको छ । अब छपाइ भई आउने सम्पूर्ण दरका नोटहरूमा नोट छपाइ भएको वर्ष उल्लेख गर्ने व्यवस्था गरिएको छ ।

३८. भारतीय सीमावर्ती नेपाली क्षेत्रमा विगत केही समयदेखि नगद भा.रु. उपलब्धतामा कमी देखिएको परिप्रेक्ष्यमा भा.रु. आपूर्ति सहज गराउने उद्देश्यले हाल १० वटा भा.रु. कोष थप गर्नुका साथै विद्यमान भा.रु. कोषको कारोबार सीमामा वृद्धि गरिएको छ । भारतीय रिजर्व बैंकमा रहेको नेपाल राष्ट्र बैंकको खाताबाट वार्षिक नगद भा.रु. ५ अर्बसम्म झिक्न पाउने सुविधा प्राप्त भएको छ । यसबाट नगद भा.रु. व्यवस्थापन केही सजिलो हुनेछ ।

अब म बैंकको जनशक्ति विकास, कारोबार आधुनिकीकरण तथा अध्ययन अनुसंधान कार्यहरु संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

३९. मानवीय स्रोतको समुचित उपयोगबाट संस्थाले परिलक्षित गरेका उद्देश्यहरू परिपूर्ति गर्न जनशक्ति योजना तयार गरी तदनुरूप कर्मचारी भर्ना, तालिम तथा क्षमता विकास, सरुवा, बढुवा लगायतका कार्यहरू अघि बढाइएको छ ।

४०. बैंकमा २०६९ फागुन मसान्तसम्ममा अधिकृत स्तरका ८६०, सहायक स्तरका ३७६ र श्रेणी विहीन कार्यालय सहयोगी स्तरमा १७० गरी जम्मा १४०६ कर्मचारीहरू कार्यरत रहेका छन् । यसप्रकार बैंकको जनशक्ति अधिकृतप्रधान हुँदै गएको छ ।

४१. बैंकमा कार्यरत अधिकृत तथा सहायकस्तरका कर्मचारीहरूलाई तालिमको अवसरमा वृद्धि गरिएको छ । अघिल्लो वर्ष ४४९ जना वैदेशिक सेमिनार, गोष्ठी, तालीम आदि कार्यक्रमहरूमा सहभागी भएकोमा यो वर्ष ५२६ जना सहभागी भएका छन् ।

४२. केन्द्रीय बैंकको व्यवस्थापन र कर्मचारी संघ/संगठनहरु विच सौहार्द संवन्ध अघि बढाउँदै बैंकको क्षमता, कुशलता र प्रभावकारीता अघि बढाउने गरी कर्मचारीहरुबाट प्रस्तुत मागहरु क्रमशः पुरा गर्दै लगिएको छ । पूर्व कर्मचारीका समस्या प्रति पनि बैंक संवेदनशील छ ।

४३. सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ अन्तर्गत बैंक तथा वित्तीय संस्थाहरूबाट प्राप्त वित्तीय कारोबार विश्लेषण गर्नको लागि गठित वित्तीय जानकारी इकाईलाई स्वतन्त्र रूपमा कार्य सञ्चालन गर्न सो इकाईको लागि छुट्टै कार्यालय तथा कर्मचारीको व्यवस्था गरिएको छ ।

४४. केन्द्रीय बैंकको कारोबारलाई आधुनिकीकरण गर्न र लेखा प्रणालीलाई चुस्त, दुरुस्त तथा छिटो-छरितो तुल्याउन बैंकमा नयाँ खरिद गरिएको GL System २०७० वैशाख २ गते देखि सञ्चालनमा आएको छ । अब विद्युतीय कारोवारको दृष्टिकोणले केन्द्रीय बैक आधुनिक बैंकमा रुपान्तरण भएको छ ।

४५. त्यस्तै, Online Data Reporting System र Online Bidding Software System स्थापना कार्य अघि बढेको छ भने Library Software, Inventory Management System Software र Human Resource Management Information System Software (HRMISS) कार्यान्वयनको प्रक्रियामा रहेका छन् ।

४६. बैंक तथा वित्तीय संस्थाका संस्थापक शेयर लगानीकर्ताहरूको वहु-व्यावसायिक लगानीको अवस्था र यसबाट आउनसक्ने जोखिमहरूको मूल्यांकन गर्ने उद्देश्यले "Bank and Financial Institution Investors' Survey" को कार्य सम्पन्न गरिएको छ ।

४७. Nepal Macroeconomic Modelling को कार्यलाई अध्यावधिक गर्ने तथा Sectoral Model बनाउने कार्य सम्पन्न गरिएको छ । साथै, देशका प्रमुख शहरहरूमा घरजग्गा कारोबारको अवस्था, नगद भारतीय रुपैयाँको माग बढ्नुका कारणहरू र  हायर पर्चेज तथा सुन-चाँदी धितोमा प्रवाह भएको कर्जा सम्बन्धमा अध्ययन सम्पन्न गरिएको छ ।

४८. खुला बजार कारोबारलाई थप प्रभावकारी बनाउन अवलम्बन गर्नुपर्ने उपायहरू बारे गरिएको अध्ययन कार्य र आर्थिक गतिविधि अध्ययनमा समावेश भएका जिल्लाहरूमा सञ्चालित उद्योगहरूको सूची अद्यावधिक गर्ने र औद्योगिक प्रोफाइल तयार गर्ने कार्य अन्तिम चरणमा रहेको छ ।

४९. पुँजी खाता परिवर्त्यताको सम्भावना, नेपाल र भारत बीच हुने पुँजी प्रवाह, भारततर्फको निर्यातमा देखिएका व्यवधान एवम् नेपाल र भारत बीच कृषिको उत्पादन लागत भिन्नता सम्बन्धमा अध्ययन कार्य अघि बढाइएको छ ।

५०. रणनीतिक योजना (२०१२-२०१६) को कार्यान्वयन पक्षलाई बलियो बनाउन सञ्चालक समितिका सदस्यको संयोजकत्वमा "रणनीतिक योजना अनुगमन समिति" गठन गरी अनुगमन कार्यलाई प्रभावकारी रूपमा सम्पादन गरिँदै आएको छ । वित्तीय प्रणाली मार्फत दीगो र समावेशी आर्थिक वृद्धि र स्थायित्वलाई सघाउ पुऱ्याउन “वित्तीय क्षेत्र विकास रणनीति” तर्जुमाको कार्य अघि बढाइएको छ ।

५१. काठमाडौँमा बैंकको नयाँ बैंकिङ्ग कार्यालय भवन निर्माण गर्ने र बैंकको स्वामित्वमा ठिमी (भक्तपुर) मा रहेको जग्गाको सही उपयोग गर्न Master Plan बनाउने कार्यको लागि प्राप्त प्रस्तावहरूको मूल्याङ्कन कार्य भइरहेको छ ।

अन्त्यमा,

५२. नेपाल राष्ट्र बैंक सामू चुनौतीहरु अवश्य छन । वित्तीय स्थायित्व, वित्तीय साधनको उत्पादनक उपयोग, वित्तीय पहुँच वृद्धि, वित्तीय प्रणालीका अन्य नियामकहरु संग समन्वय र यी सबै कार्य गर्न केन्द्रिय बैंकको संस्थागत सुदृढीकरण केही महत्वपूर्ण चुनौतीका क्षेत्रहरु हुन । तर यी चुनौतीहरु समाधानका दायरा भित्र नै छन र सबैको सहयोगले सामना गर्न सकिने अवस्थामा छन । यस आर्थिक वर्षको हालसम्मको अवधिमा वित्तीय पहुँच, संस्थागत सुशासन तथा वित्तीय स्थायित्व प्रबर्द्धन गर्ने, तथ्याङ्क संकलन र सम्प्रेषण कार्यको अन्तराल घटाउने, अध्ययन-अनुसन्धान कार्यमा परिष्कार ल्याउने र बैंकको कारोबारहरूलाई स्वचालित ढंगमा सञ्चालन गर्ने दिशामा महत्वपूर्ण उपलब्धी हासिल भएको जानकारी गराउन पाउँदा मलाई खुशी लागेको छ । यसबाट आगामी दिनमा बैंकको कामकारबाहीमा

प्रभावकारिता आई बैंकले परिलक्षित गरेका उद्देश्यहरू हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

५३. यस बैंकको कामकारबाहीमा विभिन्न तवरले सहयोग पुऱ्याउने नेपाल सरकारका विभिन्न निकायहरू, बैंक तथा वित्तीय संस्थाहरू, निजी क्षेत्रका संघ-संस्थाहरू, प्रबुद्ध वर्ग, दातृ निकाय लगायतका अन्तर्राष्ट्रिय संघ-संस्थाहरू र जनसाधारणलाई यस अवसरमा म धन्यवाद दिन चाहन्छु र आगामी दिनमा पनि बैंकलाई यस प्रकारको सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गर्दछु ।

**धन्यवाद !**

**१४ वैशाख २०७०**